# नेपाली चाँदीका गहनाको अन्तर्राष्ट्रिय व्यापार

# चुनौती र सम्भावना




नेपालमा विभिन्न जात, धर्म, सम्प्रदाय, आदिका मानिसहरू बसोबास गर्दछन् । उनीहरूले आ-आफ्नो परम्परा र सांस्कृतिक पहिचान झल्कने किसिमका चाँदीका गहना बनाउने र प्रयोग गर्ने कार्य परापूर्वकालदेखि नै गर्दै आएका छन् । चाँदीका गहनाको प्रयोग फेशनको रूपमा देश भित्र र बाहिर पनि हुने गरेको छ । सुन र प्लाटिनमजस्ता धातु धेरै नै महँगो हुँदै गइरहेकाले विश्वमा चाँदीका गहनाप्रतिको आकर्षण र माग पनि बढ्दै गएको छ । नेपालमा उत्पादन हुने अधिकांश चाँदीका गहनामा नेपाली परम्परा र आधुनिकताको समिश्रण हुने भएकाले देश भित्र र बाहिर यस्ता गहनाप्रति मानिसको आकर्षण रहेको पाइन्छ र आउँदा दिनहरूमा यो अझै बढ्दै जाने देखिन्छ । तसर्थ अन्तर्राष्ट्रिय बजारमा नेपाली चाँदीका गहनाको निर्यात बढ्न सक्ने प्रशस्त सम्भावना रहेको छ । तर यस क्षेत्रमा केही चुनौतीहरू पनि छन् । यस नीतिसारमा नेपाली चाँदीका गहनाको अन्तर्राष्ट्रिय व्यापार र यससँगसम्बन्धित सम्भावना र चुनौतीबारे चर्चा गरिएको छ ।

## पृष्ठभूमि

नेपालमा परापूर्वकालदेखि विशेष गरेर शाक्य तथा सुनार जातिका मानिसहरू गहना बनाउने तथा तिनको व्यापार गर्ने कार्यमा संलग्न रहेको पाइन्छ । ती समुदायका व्यक्तिले आफ्नो परिवारको पछिल्लो पुस्तालाई गहना बनाउने कार्यमा संलग्न गराएर आफ्नो सीप हस्तान्तरण गर्दथे । तर पछिल्लो समयमा अन्य समुदायका मानिसहरू पनि यस पेशामा संलग्न हुन थालेका छन् ।

नेपालमा चाँदीका गहनाको उत्पादन क्षमता करीब ५० मेट्रिक टन भए पनि हालको वास्तविक उत्पादन भने वार्षिक १५ देखि २० मेट्रिक टन रहेको अनुमान छ । यी मध्ये केही देशभित्र नै खपत हुन्छन् भने केही निर्यात हुन्छन् । नेपालबाट गरिने चाँदीका गहनाको निर्यात उल्लेखनीय छैन । सन् २००९/१० मा यसको निर्यात देशको कूल वस्तु निर्यातको १ प्रतिशतभन्दा कम रहेको थियो । तर हस्तकलाका सामग्री मात्रको निर्यातलाई हेर्दा चाँदीका गहनाको अंश १३ प्रतिशत रहेको थियो ।

नेपालमा चाँदीका गहना मूलतः हातले बनाइन्छ । तिनमा जातीय सभ्यता र संस्कृति प्रतिविम्बित हुने भएकोले अन्तर्राष्ट्रिय बजारमा तिनको खास माग छ । त्यसैले नेपाली चाँदीका गहनाको निर्यात विस्तार गरी रोजगारी वृद्धि, आय तथा विदेशी मुद्रा आर्जन, पर्यटन प्रवर्द्धन र आर्थिक समृद्धि हासिल गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।

## चाँदीका गहनाको अन्तर्राष्ट्रिय व्यापार र नेपाल

सन् २०११ मा विश्वमा करीब ७० अर्ब अमेरिकी डलरबराबरको गहना निर्यात भएको थियो । सन् २००७ र २०११ को बीचमा गहना निर्यातको वृद्धिदर वार्षिक औसत करीब १४ प्रतिशत रहेको थियो । चाँदीका गहनामात्र भने सन् २०११ मा ७ अर्ब अमेरिकी डलरभन्दा बढीको निर्यात भएको थियो र यसको वार्षिक वृद्धिदर सन् २००७ र २०११ को बीचमा औसत १७ प्रतिशत रहेको थियो । चाँदीका गहनाको अन्तर्राष्ट्रिय व्यापार हेर्दा विश्वमा विकसित राष्ट्रहरू नै मुख्य आयातकर्ता देखिन्छन् ।

सन् २००६ देखि २०११ को बीचमा संयुक्त राज्य अमेरिकाले औसतमा वार्षिक करीब १ अर्ब ६० करोड अमेरिकी डलरभन्दा बढी मूल्यको चाँदीका गहना आयात गरेको थियो । त्यस्तै हङकङले ४५ करोड, जर्मनीले ३८ करोड, बेलायतले २८ करोड, जापानले २४ करोड र फ्रान्सले १८ करोड अमेरिकी डलरबराबरको चाँदीका गहना औसतमा आयात गरेको देखिन्छ । चाँदीका गहनाका दश उच्च आयातकर्ता देशहरूमध्ये जापान र हङकङबाहेक अन्य देशको आयात सामान्यतया वार्षिक रूपमा बढ्दै गएको देखिन्छ ।

नेपालबाट चाँदीका गहनाको निर्यात कति हुन्छ भन्ने यकिन गर्न कठिन छ । औपचारिक माध्यमबाट हुने निर्यातका सम्बन्धमा अलग–अलग निकायबाट प्राप्त तथ्याङ्कमा भिन्नता पाइन्छ । जस्तै, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका अनुसार सन् २०१० मा नेपालले झण्डै २४ लाख अमेरिकी डलरबराबरको चाँदीका गहना निर्यात गरेको थियो । तर नेपाल हस्तकला महासंघबाट प्राप्त तथ्याङ्कले भने सो वर्ष नेपालबाट करीब ४९ लाख अमेरिकी डलरबराबरको चाँदीका गहना निर्यातका लागि अनुमति जारी भएको देखाउँदछ । सरोकारवालाहरूका अनुसार नेपालबाट चाँदीका गहनाको निर्यात अनौपचारिक तरिकाबाट पनि हुने गरेको छ, जसको तथ्याङ्क उपलब्ध छैन । यसले गर्दा पनि नेपालबाट हुने चाँदीका गहनाको निर्यात कम देखिने गरेको छ । चाँदीका गहनाको विश्व व्यापारमा नेपाली उत्पादनको अंश मात्र ०.१–०.२ प्रतिशत रहेको छ ।

नेपाली चाँदीका गहनाको सबैभन्दा ठूलो आयातकर्ता संयुक्त राज्य अमेरिका हो । सन् २००९ मा नेपालबाट भएको उक्त वस्तुको कूल निर्यातमध्ये ४३ प्रतिशत अमेरिकामा भएको थियो, जुन अंश बढेर सन् २०१० मा ५० प्रतिशत र २०११ मा ६२ प्रतिशत पुग्यो । नेपाली चाँदीका गहना बढी आयात गर्ने अन्य देशहरूमा क्यानडा, जर्मनी, इटाली, नेदरल्याण्ड्स, आदि पर्दछन् ।

नेपाल सरकारले सन् २०१० मा जारी गरेको व्यापार समायोजन रणनीति (Nepal Trade Integration Strategy–NTIS) ले अन्य वस्तुहरू लगायत नेपाली चाँदीका गहनाको सम्भावित अन्तर्राष्ट्रिय बजार पहिचान गर्न यसका विभिन्न पक्षको अध्ययन गरेको थियो । सोको आधारमा नेपाली चाँदीका गहना निर्यातका लागि हङकङ सबैभन्दा बढी सम्भावना भएको बजारको रूपमा देखिन्छ । त्यसपछि क्रमशः अमेरिका, जर्मनी, बेलायत, फ्रान्स र डेनमार्क आकर्षक बजारका रूपमा देखिन्छन् । यी राष्ट्रहरूमा नेपाली चाँदीका गहनाको आयातमा भन्सार महशुल लाग्दैन जबकी हङकङ बाहेकका ती राष्ट्रहरूमा नेपालका प्रतिस्पर्धी निर्यातकर्ता राष्ट्रहरूबाट गरिने आयातमा १ प्रतिशत देखि ४ प्रतिशतसम्म भन्सार महशुल बुझाउनु पर्दछ (तालिका १) ।

**तालिका १ नेपाली चाँदीका गहनाका आकर्षक बजार**

| श्रेणी | देश | नेपालको लागि भन्सार दर (%) | नेपालका प्रतिस्पर्धी देशका लागि भन्सार दर (%) | मुख्य प्रतिस्पर्धी देश |
|---|---|---|---|---|
| १ | हङकङ | ० | ० | चीन, अमेरिका, इटाली |
| २ | अमेरिका | ० | ४ | चीन, थाइल्याण्ड, भारत |
| ३ | जर्मनी | ० | २ | थाइल्याण्ड, चीन, डेनमार्क |
| ४ | बेलायत | ० | २ | थाइल्याण्ड, इटाली, चीन |
| ५ | फ्रान्स | ० | १ | इटाली, थाइल्याण्ड, जर्मनी |
| ६ | डेनमार्क | ० | २ | थाइल्याण्ड, जर्मनी, इटाली |
| ७ | अस्ट्रेलिया | ० | १ | थाइल्याण्ड, अमेरिका, इटाली |
| ८ | स्पेन | ० | १ | इटाली, डेनमार्क, हङकङ |
| ९ | नेदरल्याण्ड | ० | २ | थाइल्याण्ड, डेनमार्क, हङकङ |
| १० | क्यानडा | ० | २ | थाइल्याण्ड, अमेरिका, चीन |

स्रोतः *Nepal Trade Integration Strategy 2010.*

## निर्यात प्रवर्द्धनका लागि भएका नीतिगत प्रयास

नेपालले हस्तकलाका सामग्री र खासगरी चाँदीका गहनाको उत्पादन र निर्यात प्रवर्द्धनका लागि संस्थागतरूपमा धेरैपछि मात्र कार्य गर्न थालेको हो । नेपालमा योजनाबद्ध विकास आरम्भ भएको लामो समयसम्म यसलाई घरेलु तथा साना उद्योगको एउटा

**नेपालबाट हुने चाँदीका गहनाको निर्यात देशको कूल वस्तु निर्यातको १ प्रतिशतभन्दा कम रहेको छ र चाँदीका गहनाको विश्व व्यापारमा नेपाली उत्पादनको अंश मात्र ०.१-०.२ प्रतिशत रहेको छ ।**



ganeshhimaltrading.com

अंगको रूपमा लिइयो र यसको प्रवर्द्धनका लागि छुट्टै नीति तथा कार्यक्रम ल्याइएन ।

नेपालको आवधिक योजनामा पहिलोपटक नवौं पञ्चवर्षीय योजनाले नेपाली हस्तकलाको अन्तर्राष्ट्रिय व्यापारको सम्भावनालाई आत्मसात् गर्दै अन्तर्राष्ट्रिय माग अनुरूपको हस्तकलाको उत्पादनमा जोड दिएको थियो । त्यसैगरी दशौं योजनाले निर्यातजन्य हस्तकलाका सामग्रीको गुणस्तर प्रवर्द्धनमा जोड दिएको थियो । तर यी दुवै योजनाले चाँदीका गहनाको निर्यात प्रवर्द्धनका लागि छुट्टै नीति तथा कार्यक्रम तय गरेको भने पाइँदैन ।

सन् २००७ मा जारी गरिएको त्रिवर्षीय अन्तरिम योजनाले चाँदीका गहनाको उत्पादन, प्रशोधन र निर्यातका लागि एउटा छुट्टै प्रवर्द्धन केन्द्रको स्थापना गर्नका लागि योजना अवधिमा नै त्यससम्बन्धी अध्ययन र आधारभूत कार्यहरू पुरा गर्ने उल्लेख गरेको थियो । त्यसैगरी निजी क्षेत्रसँगको सहकार्यमा यस क्षेत्रमा काम गर्न चाहने नेपालीहरूलाई तालिम प्रदान गर्ने तथा एउटा एकीकृत प्राविधिक प्रतिष्ठान स्थापना गर्ने कुरामा पनि जोड दिएको थियो ।

सन् २००७ मा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले अन्तर्राष्ट्रिय व्यापार केन्द्र (International Trade Centre) सँगको सहकार्यमा गरेको अध्ययन *Export Potential Assessment in Nepal* ले चाँदीका गहनालाई नेपालको तुलनात्मक लाभको क्षेत्रको रूपमा पहिचान गऱ्यो । उक्त अध्ययनले चाँदीका गहनाको व्यापारका लागि अन्तर्राष्ट्रिय बजार अनुकूल रहेको र नेपालले पनि त्यसबाट फाइदा लिन सक्ने उल्लेख गरेको थियो । तर त्यसको निम्ति यस क्षेत्रमा रहेका समस्याहरू, जस्तै, देशभित्रै गुणस्तर मापन र प्रमाणीकरण सेवाको अभाव, आयातित कच्चा पदार्थ माथिको निर्भरता, अन्य राष्ट्रले गर्ने नेपाली डिजाइनको नक्कल, आदिको समाधान गर्नु अत्यावश्यक रहेको औँल्याएको थियो ।

नेपाल सरकारले सन् २००९ मा नयाँ वाणिज्य नीति जारी गऱ्यो । यस नीतिमा हस्तकला (जसअन्तर्गत चाँदीका गहना पनि पर्दछन्)को उत्पादन र व्यापार प्रवर्द्धनका लागि उत्पादन विकास कोषको स्थापना र उत्पादन विकास कार्यक्रम शुरूवात गर्ने उल्लेख गरिएको छ । सुन र चाँदीका गहना मात्रका सम्बन्धमा पनि वाणिज्य नीतिले छुट्टै नीति लिएको छ । जस्तै, यी वस्तुको उत्पादनमा प्रयोग गरिने कच्चा पदार्थको आयातलाई सरलीकरण गर्ने, त्यस्तो आयातमा भन्सार शुल्क छुट दिने, कालिगढहरूको सीप विकासका लागि तालिम कार्यक्रम संचालन गर्ने, आदि ।

त्यसैगरी नेपालको निर्यात व्यापार प्रवर्द्धनसँग सम्बन्धित पछिल्लो दस्तावेज NTIS ले चाँदीका गहनाको निर्यात व्यापार प्रवर्द्धन गर्न विभिन्न प्रस्तावहरू अघि सारेको छ । जस्तै, बहुमुल्य धातु र रत्न परीक्षण गर्ने अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रयोगशालाको स्थापना, गहना बनाउन आवश्यक औजारहरूको आयातमा भन्सार छुटको व्यवस्था, अन्तर्राष्ट्रिय व्यापार मेलाहरूमा सहभागिता, गहनाको बजारका सम्बन्धमा नियमित अनुसन्धान र अनुसन्धानबाट प्राप्त सूचनाहरूको सरोकारवालाहरूलाई सम्प्रेषण, आदि ।

## समस्या

विभिन्न नीतिगत प्रयासका बाबजुद नेपाली चाँदीका गहनाको निर्यात यथेष्ट छैन किनभने यस क्षेत्रमा विभिन्न समस्याहरू विद्यमान् छन् जसको संक्षिप्त चर्चा तल गरिएको छ ।

### *कच्चा पदार्थ*

चाँदीका गहना बनाउन अत्यावश्यक कच्चा पदार्थ चाँदी हो जुन नेपालले पूर्ण रूपमा आयात गर्दछ । औपचारिक रूपमा नेपालमा यस्तो चाँदी नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरूले आयात गरी बिक्री-वितरण गर्दछन् । तर बैंकहरूले कच्चा चाँदी तुलनात्मक रूपमा ठूलो परिमाणमा मात्र बिक्री-वितरण गर्दछन् । त्यसैले चाँदीका गहनाको व्यवसायमा संलग्न अधिकांश साना व्यवसायीले बैंकहरूबाट चाँदी खरीद गर्न सक्दैनन् र उनीहरू स्थानीय बजारबाट खरीद गर्दछन् । स्थानीय बजारमा अनौपचारिक किसिमबाट आयात गरिएका चाँदी पनि पाइन्छन् । यस्तो चाँदी बैंकहरूले बिक्री-वितरण गर्ने चाँदीभन्दा सस्तो पनि हुन्छ तर तिनको शुद्धताको ग्यारेण्टी हुँदैन । त्यसैले त्यस्तो चाँदीबाट बनाइएका गहनाको निर्यातमा अनेक समस्या देखिने गरेका छन् ।

त्यस्तै, चाँदी लगायत अन्य धातुका गहनाहरूमा विभिन्न रत्नहरूको प्रयोग गर्ने गरिन्छ । नेपालमा त्यस्ता रत्नहरूको स्रोतको पहिचान र उत्खनन् पर्याप्त मात्रामा हुन नसकेकोले अधिकांश रत्नहरूको पूर्ति

आयातद्वारा नै हुने गरेको छ । केही रत्नहरू नेपालमै उपलब्ध भए पनि तिनीहरूको कटाइ र पोलिस गरेर गहनामा प्रयोग गर्न मिल्ने बनाउने काम नेपालमा नहुने भएकोले तिनीहरूलाई पहिला भारत पठाएर फेरि आयात गर्नुपर्ने हुन्छ । यसले गर्दा गहनाको उत्पादन लागत बढ्न गई नेपालको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आउने गरेको छ ।

## *गहनाको शुद्धता*

नेपालमा चाँदीका गहनाको उत्पादनसँग सम्बन्धित मुख्य समस्या भनेको चाँदीमा *क्याड्मियम*को मिसावट हो । *क्याड्मियम* स्वास्थ्यका दृष्टिले अत्यन्त हानिकारक मानिन्छ । त्यसैले युरोपेली संघ (European Union—EU) का सदस्य राष्ट्रहरू चाँदीमा ०.०१ प्रतिशतभन्दा बढी *क्याड्मियम* मिसावट स्वीकार गर्दैनन् जबकि सरोकारवालाहरूले दिएको जानकारी अनुसार नेपालबाट निर्यात हुने चाँदीका गहनामा ६० प्रतिशतसम्म *क्याड्मियम* मिसाएको पाइएको छ । यसो हुनुका विभिन्न कारणहरूमध्ये नेपाली उत्पादकहरूमा व्यावसायिक इमान्दारिताको कमी पनि एउटा कारण हो ।

त्यस्तै, नेपालमा चाँदीका गहनाको शुद्धता परीक्षण गर्ने प्रयोगशालाहरू थोरै छन् र भएका पनि पुरानो प्रविधिका एवं स्तरोन्नति नगरिएको अवस्थामा छन् । त्यसैले तिनीहरूले अन्तर्राष्ट्रिय स्वीकृति पाउन सकेका छैनन् जसले गर्दा नेपाली गहनाको शुद्धता परीक्षण प्रायः जसो भारतमा गराउनुपर्ने बाध्यता छ । भारतमा परीक्षण गराउनका निम्ति लाग्ने खर्च धेरै नभए पनि यसो गर्न बढी समय लाग्दछ र विभिन्न प्रशासनिक झंझटहरू व्यहोर्नु पर्दछ । यी समस्याको निराकरणका लागि केही समयअघि नेपाल हस्तकला महासंघ र नेपाल सरकारको संयुक्त प्रयासमा चाँदीका गहनाको शुद्धता परीक्षण गर्ने अत्याधुनिक मेशिन नेपालमा ल्याइएको छ तर केही प्राविधिक कठिनाइले गर्दा त्यसलाई संचालन गर्न सकिएको छैन ।

## *उत्पादन शैली*

उत्पादन शैलीका सन्दर्भमा नेपालमा अधिकांश चाँदीका गहना हस्तनिर्मित हुने गर्दछन् । त्यसैले नेपालमा छोटो अवधिमा ठूलो परिमाणमा चाँदीका गहना उत्पादन गर्न सकिँदैन जसले गर्दा एकैपटक ठूलो परिमाणमा आउने मागलाई सम्बोधन गर्न मुश्किल पर्दछ । यस समस्याको समाधानका लागि नेपालले आधुनिक प्रविधिको प्रयोग गर्ने हो भने मौलिक गहनाको हालको बजार गुम्न सक्ने खतरा रहन्छ । साथै आधुनिक प्रविधिको प्रयोगमार्फत् उत्पादन कुशलता हासिल गरिसकेका थाइल्याण्ड, भारत, इन्डोनेसियाजस्ता देशसँग नेपालले प्रतिस्पर्धा गर्न सक्दैन । त्यसैले नेपालले आफ्नो मौलिक तरिका र आधुनिक प्रविधि दुवैको समिश्रणबाट चाँदीका गहना उत्पादन गर्नुपर्ने आवश्यकता छ ।

त्यसैगरी डिजाइनका सन्दर्भमा नेपाली कालिगढहरूले आफ्नो अघिल्लो पुस्ताबाट यससम्बन्धी सीप सिक्ने गरेका छन् । त्यसैले उनीहरूको डिजाइनमा विश्व फेशनबजारको माग अनुरूपका सिर्जनशीलता र नयाँपन पाइँदैन । पछिल्लो समयमा हस्तकला डिजाइन तथा विकास केन्द्रले कलाकार तथा कालिगढको सिर्जनशीलता र सीप विकासका लागि तालिम प्रदान गर्ने गरेको छ तर त्यो पर्याप्त छैन ।

## *नेपाली डिजाइनको नक्कल*

सरोकारवालाहरूका अनुसार नेपाली गहनाका मौलिक डिजाइनहरू कतिपय देशहरूले नक्कल गर्ने गरेका छन् । बौद्धिक सम्पत्ति अधिकारको माध्यमबाट आफ्नो डिजाइन सुरक्षित नगरेको खण्डमा नक्कल गर्नेले नै त्यसमा बौद्धिक सम्पत्ति अधिकार प्राप्त गरी मौलिक डिजाइन गर्ने वास्तविक व्यक्तिको अधिकार हनन् गर्न सक्ने सम्भावना रहन्छ । केही नेपाली डिजाइनरले यस्तो अवस्था भोग्नु परिसकेको दृष्टान्तहरू पनि छन् । साथै यस्तो क्रियाकलापले नेपाली उत्पादनको वास्तविक पहिचान गुम्न पनि सक्दछ ।

## *निर्यात प्रक्रिया*

नेपालबाट चाँदीका गहना निर्यात गर्दा अपनाउनु पर्ने प्रशासनिक प्रक्रिया त्यति खर्चिलो र झन्झटिलो छैन । तर निर्यातकर्ताहरूका अनुसार निर्यातका क्रममा चाँदीका गहनाजस्ता बहुमुल्य वस्तुलाई पनि अन्य वस्तुहरू सरह नै व्यवहार गरिने हुनाले समय समयमा समस्या हुने गरेको छ । जस्तै, गहना राख्नको निम्ति आवश्यक अलग सुरक्षित भण्डारणको व्यवस्था छैन । त्यस्तै, चाँदीका गहनालाई अन्य वस्तुहरूसँगै राखेर जाँचपास गर्ने गरिन्छ । गहना वास्तवमा चाँदीका नै हुन् कि होइनन् भनी गरिने परीक्षण पद्धति पनि आधुनिक छैन जसले गर्दा परीक्षणका क्रममा गहना बिग्रने, प्याकेजिङ बिग्रने जस्ता समस्या देखिने गरेका छन् ।

handicraftsearch.com



**विश्व बजारमा वृद्धि भइरहेको चाँदीका गहनाको मागले मौलिक नेपाली पहिचान बोकेका नेपाली चाँदीका गहनाको निर्यात वृद्धि गर्न सकिने सम्भावनालाई बढाएको छ । तर त्यसको निम्ति यस क्षेत्रमा देखिएका समस्याहरूको निराकरण गर्नु अत्यावश्यक छ ।**

**तालिका २ नेपाली चाँदीका गहनाको क्षेत्रमा रहेका समस्या, समाधानका उपाय र सरोकारवालाको दायित्व**

| समस्या | समाधान | दायित्व |
|---|---|---|
| बैंकबाट ठूलो परिमाणमा र मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यवसायीले मात्र चाँदी खरिद गर्न पाउने भएकाले साना व्यवसायीहरू स्थानीय बजारबाट चाँदी किन्न बाध्य । स्थानीय बजारमा पाइने अधिकांश चाँदी नेपालमा चोरी पैठारी भई आउने हुनाले मिसावटयुक्त हुने । | बैंकले कच्चा चाँदी बिक्री गर्ने प्रक्रियाको सरलीकरण गर्नुपर्ने । निर्यातजन्य चाँदीका गहना निर्माणमा प्रयोग हुने चाँदीको आयातमा भन्सार शुल्क छुट दिनुपर्ने । | सरकार |
| चाँदीका गहनामा *क्याड्मियम* मिसावट । | *क्याड्मियमले* स्वास्थ्यमा पार्ने असर र यसको प्रयोगले चाँदीका गहनाको निर्यातमा पुऱ्याएको क्षतिका बारे व्यवसायीहरूमा चेतना अभिवृद्धि कार्यक्रम संचालन गर्नुपर्ने । साथै, व्यवसायीहरूका लागि आचारसंहिता निर्माण गरी त्यसको पालना गराउनुपर्ने । | सरकार र निजी क्षेत्र |
| नेपाली गहनाका डिजाइन मौलिक खालका भएपनि विश्व बजारको सन्दर्भमा तिनमा सिर्जनशीलता र नयाँपनको कमी । | यसमा संलग्न कालिगढको सिर्जनशीलता अभिवृद्धिका लागि उनीहरूलाई नियमित रूपमा अभिमुखीकरण, तालिम, आदि प्रदान गर्नुपर्ने । | सरकार, निजी क्षेत्र र दातृ निकाय |
| नेपाली चाँदीका गहना विशेष गरी हस्तनिर्मित हुने भएकोले एकैपटक धेरै माग आएमा पूर्ति गर्न नसक्ने अवस्था । | चाँदीका गहनाको निर्माणमा हस्तकला र आधुनिक प्रविधिको उचित समायोजन हुनुपर्ने । जस्तै, चाँदीलाई काट्ने, विभिन्न आकारमा ढाल्ने, ढलान (casting) गर्ने, आदि कार्य मेशिनको प्रयोगद्वारा गर्ने तर हस्तकलाको खास चरित्र (जुन नेपाली गहनाको विशेषता हो) लाई कायम राख्न बुट्टा कुँद्ने, डिजाइन बनाउनेजस्ता कार्य हातले नै गर्ने । | निजी क्षेत्र |
| नेपाली व्यवसायीहरू चाँदीका गहनाको विश्व बजारको मागको प्रवृत्तिबारे अनभिज्ञ । | चाँदीका गहनाको अन्तर्राष्ट्रिय मागको प्रवृत्तिबारे नियमित अध्ययन-अनुसन्धान गरी त्यसबारे सरोकारवालालाई सुसूचित गराउने पद्धतिको विकास गर्नुपर्ने । | सरकार, निजी क्षेत्र, गैरसरकारी संस्थाहरू र दातृ निकाय |
| बौद्धिक सम्पत्तिको अधिकार संरक्षणसम्बन्धी प्रावधानबाट हुनसक्ने लाभ-हानिको विषयमा सरोकारवालामा पर्याप्त जानकारीको अभाव । | बौद्धिक सम्पत्तिको अधिकार संरक्षणसम्बन्धी प्रावधानबाट हुनसक्ने लाभ-हानिका विषयमा अन्तर्क्रिया, छलफल, आदिमार्फत् चेतना अभिवृद्धि गर्नुपर्ने । | सरकार, निजी क्षेत्र र गैरसरकारी संस्थाहरू |
| अन्य देशहरूमा यदाकदा नेपाली चाँदीका गहनाको डिजाइन नक्कल हुने गरेको । | नेपाली सरोकारवालाहरूलाई उनीहरूको बौद्धिक सम्पत्ति अधिकारको संरक्षणका लागि प्रोत्साहित गर्नुपर्ने । | सरकार, निजी क्षेत्र र गैरसरकारी संस्थाहरू |
| देशभित्र चाँदीका गहनाका लागि आवश्यक पर्ने रत्नहरू पर्याप्त मात्रामा उत्खनन् हुन नसकेको । | देशमा रत्नका खानीहरूको खोजी, उत्खनन् र प्रशोधन गर्ने कार्य अघि बढाउनुपर्ने । | सरकार |
| केही रत्नहरू नेपालमा नै उपलब्ध हुने भएपनि तिनीहरूलाई काट्ने, पोलिस गर्नेजस्ता कार्य नेपालमा नहुने भएकोले भारतमा गराउनुपर्ने बाध्यता । | रत्न काट्ने, पोलिस गर्नेजस्ता कार्यमा प्रयोग हुने औजार एवं प्रविधिको आयातलाई सहजीकरण गर्नुपर्ने । साथै निर्यात हुने चाँदीका गहनामा प्रयोग हुने रत्न, गहना बनाउन प्रयोग गरिने औजार, आदिको आयातमा भन्सार शुल्क छुट दिनुपर्ने । | सरकार |
| चाँदीका गहनाको निर्यातका लागि विभिन्न स्थानमा रहेका विभिन्न कार्यालयहरूबाट स्वीकृति लिनुपर्ने बाध्यता । साथै निर्यातका लागि तयार पारिएका गहना निरीक्षणको कार्य धेरै ठाँउमा धेरै पटक गराउनुपर्ने बाध्यता । | निर्यातसम्बन्धी सम्पूर्ण प्रशासनिक कार्य एकै ठाउँबाट सम्पन्न हुने व्यवस्था गर्नुपर्ने । | सरकार |
| व्यापार विस्तारका लागि विश्वस्तरीय मान्यताप्राप्त प्रयोगशालाको अभाव, र पारवहन तथा भण्डारणको उपयुक्त व्यवस्थाको अभाव । | वाणिज्य नीतिमा उल्लेख गरिए बमोजिम उत्पादन विकास कोषको स्थापना र संचालन गरी प्रयोगशाला, पारवहन तथा भण्डारणसम्बन्धी समस्याको समाधान गर्नुपर्ने । | सरकार |

नेपाली चाँदीका गहनाका निर्यातकर्ताहरूका अनुसार नेपालले चाँदीका गहना निर्यात गर्ने देशहरूमा निर्यात प्रक्रियामा त्यति समस्या छैन । तर कहिलेकाहीं सम्बन्धित देशको नियम/कानुनको पूर्ण जानकारीको अभाव, निर्यात गर्नका लागि पुरा गर्नुपर्ने औपचारिकताबारे अनभिज्ञता, सूचनाको अभाव, आदि कारणहरूले समस्या उत्पन्न हुने गरेको छ ।

## निष्कर्ष र सुझाव

विश्व बजारमा चाँदीका गहनाको माग निरन्तररूपमा बढ्दै गएको देखिन्छ । तर नेपालबाट हुने चाँदीका गहनाको निर्यात भने विगतका केही वर्षहरूमा घट्दै गएको छ । विश्व बजारमा वृद्धि भइरहेको चाँदीका गहनाको मागले मौलिक नेपाली पहिचान बोकेका नेपाली चाँदीका गहनाको निर्यात वृद्धि गर्न सकिने सम्भावनालाई बढाएको छ । तर त्यसको निम्ति यस क्षेत्रमा देखिएका समस्याहरूको निराकरण गर्नु अत्यावश्यक छ ।

नेपाली चाँदीका गहनाको निर्यात विस्तार गर्न नेपाल सरकारले आवधिक योजनाहरू र विभिन्न दस्तावेजहरूमा यससम्बन्धी योजना, नीति तथा रणनीतिहरू अघि सारेको छ । तर ती योजना, नीति तथा रणनीतिको कार्यान्वयनको अवस्था सन्तोषजनक छैन । सरकारले नयाँ वाणिज्य नीति तथा NTIS मा चाँदीका गहनाको निर्यात प्रवर्द्धनका लागि चाल्नुपर्ने केही ठोस कदमहरू किटान नै गरेको छ । त्यसका लागि वाणिज्य तथा आपूर्ति मन्त्रालयले केही कार्यहरू शुरू गरिसकेको पनि छ । जस्तै, नेपाल हस्तकला महासंघसँगको सहकार्यमा चाँदीका गहनाको शुद्धता मापन गर्ने अत्याधुनिक मेशिन ल्याउन बजेट विनियोजन गरेर मेशिन ल्याइसकेको छ । तर सो मेशिन अझै प्रयोगमा आउन सकेको छैन । त्यस्तै, सरोकारवालाहरूसँग अन्तर्क्रिया गरेर उनीहरूबाट ठोस सुझाव लिनेजस्ता कार्य पनि अघि बढेको छ । तर यस क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाइ नेपाली चाँदीका गहनाको निर्यात बढाउन अझ धेरै कार्य गर्न बाँकी छ । नेपाली चाँदीका गहनाको क्षेत्रमा रहेका समस्या समाधानका लागि कुनै एक पक्षको प्रयास मात्र यथेष्ट हुँदैन । त्यसको लागि विभिन्न सरोकारवालाहरूले आ-आफ्नो क्षेत्रबाट उचित भूमिका खेल्नुपर्दछ जसको चर्चा तालिका १ (पाना ५) मा गरिएको छ । ■

## थप जानकारी र प्रतिक्रियाका लागि

sawtee

सावती (South Asia Watch on Trade,
Economics and Environment–SAWTEE)
पो.ब.नं. १९३६६, टुकुचा मार्ग, काठमाडौं
फोनः ४४२४३६०, ४४४४४३८, फ्याक्सः ४४४४५७०
ईमेलः sawtee@sawtee.org, वेबः www.sawtee.org

साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड एन्भायरोन्मेन्ट (सावती) को स्थापना सन् १९९४ मा दक्षिण एशियाका गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासबाट भएको हो । दक्षिण एशियाका ११ संस्था सदस्य रहेको सावती उदारीकरण, विश्वव्यापीकरण र विश्व व्यापार संगठनसम्बन्धी विषयवस्तुमा अनुसन्धान र सम्बन्धित सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षिण एशियाली क्षेत्रीय सञ्जालको रूपमा कार्यरत छ । त्यस्तै गैरसरकारी संस्थाका रूपमा सन् १९९९ मा नेपालमा दर्ता भई सावतीले राष्ट्रिय र स्थानीय स्तरमा विभिन्न परियोजना र कार्यक्रमहरु पनि संचालन गर्दै आएको छ ।

giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH

जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग (GIZ) GmbH
Supporting the Implementation of Nepal's WTO Commitments
and the Enhanced Integrated Framework (WTO/EIF–SP) Project
नारायणी कम्प्लेक्स, चौथो तल्ला, पोष्ट बक्स १४५७, पुल्चोक, ललितपुर
फोनः ५५५५२८९, फ्याक्सः ५५२१७१२
ईमेलः giz-nepal@giz.de, वेबः www.giz.de/nepal

जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग (GIZ) जर्मन संघीय मन्त्रालयको आर्थिक समन्वय र विकासका लागि काम गरिरहेको संघीय निकाय हो । यस संस्थाले जर्मन सरकारलाई दिगो विकासका लागि अन्तर्राष्ट्रिय सहयोगको क्षेत्रमा आफ्नो लक्ष्य प्राप्त गर्न सहयोग गर्दछ । GIZ द्वारा संचालित WTO/EIF–SP परियोजनाको मुख्य उद्देश्य नेपाललाई विश्व व्यापार संगठनको सदस्यता तथा व्यापारका लागि सुदृढ एकीकृत संरचना (Enhanced Integrated Framework–EIF) बाट लाभ प्राप्त गर्न सहयोग पुऱ्याउनु हो । यसका लागि GIZ ले वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्य साझेदार संस्थाहरूसँग मिलेर काम गरिरहेको छ ।

यो नीतिसार जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग (GIZ) को WTO/EIF–SP परियोजनाअन्तर्गत सावतीद्वारा संचालित कार्यक्रमका लागि सावतीका अनुसन्धान निर्देशक र कार्यक्रम संयोजक क्रमशः पुष्प शर्मा र निरज श्रेष्ठद्वारा गरिएको अध्ययन *Silver Jewellery Exports from Nepal: Status and Way Forward* का आधारमा सावतीका कार्यक्रम अधिकृत प्रकाश घिमिरेद्वारा तयार पारिएको हो । यसमा प्रकाशित विचार तथा मान्यता लेखकहरूकै हुन्, सावती र GIZ का नहुन पनि सक्छन् ।
कपिराइटः सावती, २०६९, सज्जाः विपेन्द्र घिमिरे (इफेक्ट), मुद्रकः सिटी अफसेट प्रेस, फोनः ५५४०५३२, ललितपुर ।